# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मिति: २०७६।०८।१५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंका सहायक रजिष्ट्रार टंकबहादुर भट्टराईले सेवाग्राहीसँग कार्यालय परिसरमा घुस/रिसवत लेनदेन गरिरहेको भन्ने प्रतिवेदन सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रसेवक कर्मचारी निज तत्कालीन सहायक रजिष्ट्रार टंकबहादुर भट्टराईले सेवाग्राहीको कम्पनी अध्यावधिक गर्ने कामको लागि घुस माग गरी रु. २०,०००।– (बीस हजार) लिएको तथ्य पुष्टि भई निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएकोले निज टंकबहादुर भट्टराईलाई बिगो रु. २०,०००-। (बीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजायका साथै घुस/रिसवत लिएको रकम रु. २०,०००।- सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम असुल उपर गरी जफत हुन मागदाबी लिइएको ।

साथै, सेवाग्राही सुनिल आचार्यले घुस/रिसवत उपलब्ध गराएको र ऋण सापटीको कागजातसमेत तयार गर्न सहयोग गरेको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुर भएकोले निज सुनिल आचार्य उपर बिगो रु. २०,०००।- (बीस हजार) काम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ३ को उपदफा (३) ले निर्देश गरे अनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय एवं रिसवतवापत लिएको रकम रु. २०,०००।- ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम असुल उपर गरी जफत हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता

प्रदीपकुमार कोइराला